म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ | अङ्कः- १६४ | २०८१ वैशाख २३ गते आइतबार 5 May 2024, Sunday - | पृष्ठ ४ | मूल्य रू. ५/-

## २२ जनाद्वारा रक्तदान

हेटौंडाः सन्त निराकारी मण्डल नेपाल शाखाको आयोजनामा भएको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन् । शनिबार हेटौंडा-९, लामसुरेमा भएको रक्तदान कार्यक्रममा ५ जना महिला र १७ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका इन्चार्ज टंक दहालले जानकारी दिनुभयो ।

मण्डलबाट प्रत्येक वर्ष रक्तदान कार्यक्रम हुँदै आएको छ । रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोग भएको थियो । आउँदो दिनमा पनि विभिन्न संघसंस्था तथा निकायहरुबाट रक्तदान कार्यक्रम आयोजना हुने अपेक्षा राखिएको दहालको भनाइ छ । अहिले केन्द्रमा रगतको अभाव नरहेको उहाँले बताउनुभयो ।

# भीम विराग प्रतिष्ठानले गऱ्यो ९ जनालाई सम्मान




*भीम विराग संगीत साहित्य कला प्रतिष्ठानद्वारा ९ जना सम्मानित भएकाहरुको सामुहिक तस्विर ।*

समाज संवाददाता

हेटौंडाः भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले ९ जनालाई सम्मान गरेको छ । शनिबार हेटौंडा उपमहानगर पलिकाको सहकार्यमा भएको विविध पुरस्कार समर्पण कार्यक्रममा छुट्टाछुट्टै विधाबाट ९ जनालाई सम्मान गरेको हो ।

विगत ५ दशकदेखि संगीत तथा गायनको माध्यमबाट नेपाली संगीतको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै भीम विराग राष्ट्रिय सम्मान २०८० बाट लाल श्रेष्ठलाई २५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ । भीम विराग पत्रकारिता पुरस्कारबाट जयदेव भट्टराईलाई सम्मान गरिएको छ । लामो समयदेखि साहित्यिक पत्रकारिताको माध्यमबाट नेपाली साहित्यमा पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै भट्टराईलाई २५ हजार रुपैयाँको नगद राशिसहित सम्मान गरिएको हो ।

यस्तै, भीम विराग राष्ट्रिय साहित्य पुरस्कारबाट कुन्ता शर्मालाई सम्मान गरिएको छ । विगत ५ दशकदेखि साहित्य क्षेत्रको माध्यमबाट सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान दिएको कामको उच्च मूल्यांकन गर्दै साहित्यकार शर्मालाई २५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको हो ।

विगत ४ दशकदेखि चित्रकलाको माध्यमबाट नेपाली कलाको श्रीवृद्धिमा दिएको महत्वपूर्ण योगदानको उच्च मूल्यांकन गर्दै भीम विराग राष्ट्रिय कला पुरस्कारबाट २५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र बीएस रानालाई प्रदान गरिएको छ । लामो समयदेखि खेलकुद प्रशिक्षणको माध्यमबाट मकवानपुरे खेल क्षेत्रलाई विकास गर्ने कार्यमा महत्वपूर्ण योगदानको मूल्यांकन गर्दै तेक्वान्दो प्रशिक्षक निरुकुमारी मगरलाई सम्मान गरिएको छ । आशीष श्रेष्ठले स्थापना गर्नुभएको शीला नारी प्रतिभा पुरस्कार २०८० बाट मगरलाई १५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको हो ।

नेपाली लोक संगीतको सृजना, गायनको माध्यमबाट नेपाली लोकगीतको जगेर्नामा महत्वपूर्ण योगदान दिएको उच्च मूल्यांकन गर्दै पम्फा थापा मगरलाई सम्मान गरिएको छ । विनोद बानियाँले स्थापना गर्नुभएको रामकृष्ण बानियाँ स्मृति लोक संगीत पुरस्कार २०८० बाट मगरलाई २० हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको छ ।

तुल्सीमाया शिवकुमारी श्रीजनशील नारी पुरस्कार २०८० बाट मञ्जु खराललाई सम्मान गरिएको छ । लामो समयदेखि गीत, लेखन तथा अनुवादको माध्यमबाट साहित्य क्षेत्रमा विशेष योगदान पुयाएको भन्दै मुक्तिगोविन्द वैद्यले स्थापना गर्नुभएको पुरस्कारबाट १५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र साहित्यकार खराललाई प्रदान गरिएको छ ।

मंगलादेवी श्रेष्ठ स्मृति स्वास्थ्य सेवा सम्मानबाट सीमा मिश्रालाई सम्मान गरिएको छ । दीपकप्रसाद श्रेष्ठले स्थापना गर्नुभएको स्वास्थ्य पुरस्कारबाट राक्सिराङ गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा आवद्ध भएका मिश्रालाई १० हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको हो । मिश्राले ग्रामीण क्षेत्रको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा सम्मान समर्पण कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले प्रकृतिको नियम अनुसार मानिसहरुले संसार छाडेर गए पनि उनीहरुको क्षमता कहिल्यै नमेटिने बताउनुभएको छ । साहित्यको माध्यमले मानिसलाई विकासको पाटोतर्फ लैजान मद्दत गर्ने उहाँले बताउनुभयो । हेटौंडामा साहित्य क्षेत्रमा रुचि राखेर कार्यक्रममा उपस्थित हुने सम्पूर्णमा धन्यवाद दिनुभयो ।

प्रतिष्ठानका अध्यक्ष श्रेष्ठले सम्मानित हुने सबैलाई शुभकामना व्यक्त गर्नुभएको छ । उहाँले भीम विरागलाई हेटौंडाको सांस्कृतिक विम्बको रुपमा स्थापना गर्ने उद्देश्यले यस वर्षबाट भीम विराग पुरस्कार स्थापना गरेको बताउनुभयो । सम्मानपछि कुन्ता शर्माले धातु र पोथी बास्नु हुँदैन भन्ने शीर्षकमा कविता वाचन गर्नुभएको थियो । कार्यक्रममा विभिन्न व्यक्तित्वहरुले सांगीतिक प्रस्तुति दिएका थिए ।

प्रतिष्ठानले प्रदान गर्ने भनिएको चिनुकमारी लामा स्मृति साहित्य पुरस्कार साहित्यकार आरआर चौलागाईले स्वीकार गर्नुभएन । प्रतिष्ठानले पत्रकार सम्मेलनको आयोजना गर्दै १५ हजार रुपैयाँ नगद राशिसहितको चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार साहित्यकार चौलागाईलाई प्रदान गर्ने घोषणा गरेता पनि चौलागाईले सामाजिक सञ्जालमार्फत् पुरस्कार अस्वीकार गरेको जानकारी गराउनुभएको हो । प्रतिष्ठानले प्रदान गर्ने पुरस्कार लिन आफू योग्य नभएको उहाँको भनाइ छ ।

यस्तै, भीम मथुरा स्मृति बाल प्रतिभा पुरस्कारबाट सम्मानित हुन विन्दुगोपाली गोर्खाली उपस्थित हुनु भएन । तीक्ष्ण प्रतिभा र खेलकुद क्षेत्रमा सक्रिय रहेको भन्दै ७ हजार ५ सय रुपैयाँ नगदसहितको बाल प्रतिभा पुरस्कारबाट सम्मान गर्न लागेको भए पनि गोर्खाली उपस्थित हुन नसक्नुभएको हो ।

# विकासका नाममा राजनीतिकरण हुँदैनः मुख्यमन्त्री जम्कट्टेल

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विकासका नाममा राजनीतिकरण नहुने बताउनुभएको छ । शनिबार गौरीटार अन्तर्राष्ट्रिय रंगशाला परिसरमा स्विमिङ पुल र क्रिकेट रंगशाला शिलान्यास गर्न पुग्नुभएका मुख्यमन्त्री जम्कट्टेलले यस्तो बताउनुभएको हो ।

नेपाल एकात्मक राज्य व्यवस्थाको शासन प्रणालीमा धेरै वर्ष चलेको बताउँदै एकात्मक राज्य व्यवस्थाको अन्त्य गरेर मुलुक संघीय शासन प्रणालीमा गएपश्चात् सिंहदरबारमा रहेको अधिकार, विकास, बजेट प्रदेश सरकारमा आएको जानकारी दिनुभयो । संघीयताले के ल्यायो भन्नेले विकासका काम हेर्नुपर्ने उहाँको जिकिर थियो ।

संघीयता विकासको लागि आएको बताउँदै विकासमा क्रान्ति भएको उहाँको दावी छ । संघीयतापश्चात् स्थानीय सरकारले वडावडामा विकास पुऱ्याउन सकेको बताउनुभयो । मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो, 'हिजोको दिनमा विकासको नाममा अर्बौको डीपीआर हुने तर पैसा २ करोड हाल्ने, राजनीति फाइदाको निमित्त शिलान्यास गर्ने तर काम नहुनाले जनताले विश्वास गर्न छाडेका छन् । अहिले विकासको काममा बजेट विनियोजन गरेर कार्य अगाडि बढाएका छौं, विकासमा कुनै शंका छैन । रंगशाला निर्माण रोकिँदैन काम हुन्छ ।'

प्रदेश सरकारले खेल क्षेत्रलाई महत्व दिएर समृद्धिका लागि लगानी गरेको उहाँको भनाइ छ । खेलकुदको संरचना निर्माण गर्न प्रदेश सरकार लागि परेको बताउँदै उहाँले भन्नुभयो, 'हामी खेल क्षेत्रमा विकासमा लागि परेका छौं । गौरीटार अन्तर्राष्ट्रिय रंगशालामा स्विमिङ पुल र क्रिकेट रंगशाला शिलान्यास भएको छ । चितवनमा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा प्रदेश सरकारले ७० प्रतिशत र भरतपुर महानगरपालिकाले ३० प्रतिशत लगानीमा निर्माण गर्ने सम्झौता भएको छ । सिन्धुलीमा राष्ट्रियस्तरमा रंगशाला निर्माण भएको छ ।'

प्रदेश सरकारले खेल क्षेत्रमा आवश्यक संरचना निर्माण गरेसँगै खेलाडी उत्पादन, खेल क्षेत्रमा नै आत्मनिर्भर हुने माध्यमको सिर्जना हुनुपर्ने उहाँको भनाइ छ । खेल क्षेत्र महत्वपूर्ण माध्यम भएकाले खेल क्षेत्रले देशलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने माध्यम भएको उहाँले बताउनुभयो । खेलाडीहरुलाई खेल क्षेत्रमा टिकाउन सकिने वातावरण सिर्जना गर्न आवश्यक रहेकाले खेल क्षेत्रमा व्यावसायीकरण गर्नुपर्नेमा मुख्यमन्त्री जम्कट्टेलले जोड दिनुभयो ।

निर्माणको ठेक्का पाएको कम्पनीलाई उहाँले निर्माण कार्य समयमा नै सम्पन्न गर्न निर्देशनसमेत दिनुभएको छ । प्रदेश सरकारले समयमा नै भुक्तानी गर्ने बताउँदै समयमा नै काम गर्न निर्देशन दिनुभएको हो । सरकरको महत्वलाई बुझेर काम गर्नुपर्नेमा मुख्यमन्त्री जम्कट्टेलले जोड दिनुभयो ।

# बनकरियाबस्तीमा पुस्तकालय र शैक्षिक सामग्री वितरण



*शैक्षिक सामग्री वितरण गर्नुहुँदै वडाअध्यक्ष थापा ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-४ मुसेधापमा शनिबार पुस्तकालय उद्घाटन तथा शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण गरिएको छ । अन्तर्राष्ट्रिय सहयोगी संस्था माद्रेको आर्थिक सहयोगमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले पुस्तकालय उद्घाटन तथा शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण गरेको हो ।

कार्यक्रममा बनकरियाका २३, चेपाङका १४, तामाङका ४ गरी ४१ बालबालिकालाई स्टेशनरी र विद्यालय पोशाक वितरण गरिएको हो । संस्थाले बालबालिकालाई ब्याग, जुत्ता, कपी, पेन्सील, डटपेन, क्याल्कुलेटर, ज्यामिती बक्स प्रदान गरिएको थियो भने पुस्तकालयका लागि किताब ऱ्याक, चकटी ३० वटा, टेबल ४ वटा, कार्पेट र सूचना पाटीका लागि सेतो बोर्ड प्रदान गरेको थियो ।

पुस्तकालयका लागि रुम टु रिड नामक संस्थाले बालकथा, बालपत्रिका, सामान्य ज्ञान, कखग लगायतका ३०० किताब प्रदान गरेको थियो । कार्यक्रम मनहरी गाउँपालिका ४ नम्बर वडा अध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्य तथा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी अध्यक्ष सुनी लामाको अध्यक्षतामा भएको थियो । कार्यक्रममा मनहरी गाउँपालिका शिक्षा शाखाका विदुर थापा, नेपाल आदिवासी जनजाति महासंघ (फोनिज) मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी कोषाध्यक्ष सुशीला गोले लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा मनहरी गाउँपालिकाकी कार्यपालिका सदस्य मिरा खत्री, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चकी संस्थापक अध्यक्ष रश्मि थापा मगर, उपाध्यक्ष यशोकान्ती भट्टचन, विसम्बरा तामाङ, महिला कृषक समूह शंखरापुर काठमाडौंकी अध्यक्ष जुनिता स्याङ्तान, कार्यक्रम संयोजक सरस्वती शेर्पा लगायतको आतिथ्य रहेको थियो ।

# बागमती गाउँपालिकामा ४६ प्रतिशत बजेट खर्च

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाको चालु आर्थिक वर्षको चैत मसान्तसम्मको बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा भएको छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानको सभाध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यमा बुधबार बजेट तथा कार्यक्रमको समीक्षा भएको हो ।

गाउँपालिकाको चालु आर्थिक वर्षको चैत मसान्तसम्म कुल विनियोजित बजेटको ४६.७३ प्रतिशतमात्र खर्च भएको छ । पालिकामा ६५ करोड ५५ लाख ८६ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा ३२ करोड ३ लाख ६२ हजार रुपैयाँ बजेट खर्च भएको हो । चालु आर्थिक वर्षमा चालुतर्फ ४४ करोड ५५ लाख ९४ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा २३ करोड ६४ लाख १६ हजार १ सय ८ रुपैयाँ र पुँजीगततर्फ २३ करोड ९९ लाख ९२ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा ८ करोड ३९ लाख ४५ हजार ९ सय ६७ रुपैयाँ बजेट खर्च भएको छ ।

चालु आर्थिक वर्षका लागि आर्थिक विकासतर्फ ७ करोड ४८ लाख ९५ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा ८२ लाख ८६ हजार ६ सय ४७ रुपैयाँ खर्च भएको छ । यस्तै, सामाजिक विकासतर्फ ३१ करोड ८० लाख ४ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा १६ करोड २६ लाख ८८ हजार ९ सय ७४ रुपैयाँ बजेट विनियोजन भएको छ । पूर्वाधार विकासतर्फका लागि विनियोजित १२ करोड ८६ लाख ९५ हजार रुपैयाँमध्ये ५ करोड ४४ लाख १२ हजार ५४ रुपैयाँमात्र खर्च भएको छ ।

यस्तै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि विनियोजित ३ करोड ३० लाख ४ हजार रुपैयाँमध्ये १ करोड ४९ लाख ७ हजार ३ सय २८ रुपैयाँ खर्च भएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिकका लागि विनियोजित १३ करोड ९ लाख ८८ हजार रुपैयाँमध्ये ८ करोड ६७ हजार ७३ रुपैयाँ खर्च भएको छ । सबै क्षेत्रका कामहरु भइरहेको र जेठ मसान्तसम्ममा कुल विनियोजित बजेटको ७० प्रतिशत खर्च हुने अनुमान गरिएको प्रवक्ता पाखिनले बताउनुभयो ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौ र
सुनाऔ

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## प्रशिक्षार्थी कर्मचारी आवश्यकता

यस समृद्ध समाज राष्ट्रिय दैनिकका लागि बजार प्रतिनिधिको रुपमा काम गर्ने गरी तपसील बमोजिम प्रशिक्षार्थी कर्मचारी आवश्यक भएकोले योग्य नेपाली नागरिकबाट २०८१ साल बैशाख २८ गतेभित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसील**

पदः बजार प्रतिनिधि (प्रशिक्षार्थी)
आवश्यक संख्याः २ (दुई) जना
शैक्षिक योग्यताः व्यवस्थापन संकायमा १२ कक्षा उत्तीर्ण ।
ग्राह्यताः स्नातक तह अध्ययनरत । मोटरसाइकल/स्कुटर चलाउन सक्ने, सवारी चालक अनुमतिपत्र भएको, अनुभवी ।
आवश्यक कागजातः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन ।

हेटौंडा, मकवानपुर

**समृद्ध समाज राष्ट्रिय दैनिक**

**हेटौंडा-४, अजरअमररोड**

**०५७-५२६८३०/९८५५०६८२२७**

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## करदातालाई सचेत बनाऔं

कुनै पनि राज्यको आम्दानीको प्रमुख स्रोत कर हो । देश समृद्ध बन्नका लागि कर असुलीको अवस्था महत्वपूर्ण मानिन्छ । राज्यले असुल गर्ने कर वा राजश्व नै राज्यको वास्तविक आम्दानी पनि हो । मुलुकको समृद्धि र विकासका लागि राजश्व परिचालनलाई बलियो आधारस्तम्भको रुपमा लिने गरिन्छ । नागरिकलाई लोककल्याणकारी राज्यको अनुभूति गराएर सन्तुलित आर्थिक, सामाजिक विकासमा राजश्व परिचालन अपरिहार्य हुन्छ । राज्यले उठाउने कर विभिन्न प्रकारका हुन्छन् । व्यक्तिगत आम्दानी वा सम्पत्ति र व्यावसायिक कारोबार वा नाफाको आधारमा सरकारले कर असुली गर्दछ । यसका लागि राज्यले व्यक्ति वा व्यवसायीलाई करको दायरामा ल्याउन आवश्यक छ । सम्भावित करदाता पहिचान गरी उनीहरुलाई करको दायरामा ल्याएर नियमितरुपमा कर तिर्न आवश्यक सचेतनासँगै उचित वातावरण बनाउन सकेमा कर असुली सहज बन्दछ ।

आन्तरिक राजश्व कार्यालय हेटौंडाले चालु आर्थिक वर्षको चैतसम्म १८६ वटा पसल/व्यवसायको अनुगमन गरेको छ । कार्यालयले अनुगमनका क्रममा ३ लाख रुपैयाँ जरिवाना असुल गर्नुका साथै विभिन्न कारबाही गरेको छ । कार्यालयले अनुगमन र समन्वयबाट ४१ वटा नयाँ फर्म दर्ता, १ हजार ९ सय ३४ नयाँ व्यावसायिक लेखा नम्बर दर्ता, १७ वटा मूल्य अभिवृद्धि करमा दर्ता, १ हजार ४ सय ४७ अन्तःशुल्क नवीकरण, २४ वटा मूल्य अभिवृद्धि कर दर्ता परीक्षण, द्रुत कर परीक्षणबाट ५ लाख २२ हजार ५० रुपैयाँ राजस्व संकलन र ९ वटा झुटा तथा नक्कली बिजक प्रयोग गर्ने व्यवसायीको अनुसन्धान गरेको छ । कार्यालयले नक्कली बिजक प्रयोग गरेका ९ वटा करदातालाई कारबाही गरी ६ करोड राजस्व निर्धारण गरेकोमा २ जना करदाताबाट ७ लाख ३८ हजार रुपैयाँ असुली गरेको छ । करको दायरामा आएका अधिकांश नेपालीले कर छली गर्न खोज्ने र करको दायरामा नआएकालाई कर तिर्नुपर्छ भन्ने ज्ञान नै नहुने गरेका कारण राज्यलाई कर असुलीमा समस्या भइरहेको छ ।

मकवानपुर जिल्लाका करिब ४ लाख ६७ हजार जनसंख्यामध्ये हालसम्म १ लाख १५ हजारभन्दा बढी करको दायरामा आएका छन् । जसमध्ये, आयकरमा ३२ हजार ७ सय ८८ जना, मूल्य अभिवृद्धि कर (भ्याट)मा ५ हजार ६ सय ८१ जना, अन्तःशुल्कमा १ हजार ६ सय १५ जना, व्यावसायिक प्यानमा ६ सय ७३ जना र व्यक्तिगत प्यानमा ७४ हजार ४ सय ९ जना करको दायरामा समावेश भएका हुन् । करको दायरामा आएकामध्ये गत आर्थिक वर्ष २०७९/०८० मा झण्डै १७ हजार उद्योगी व्यवसायीले आयकर बुझाउन बाँकी रहेको कार्यालयको तथ्यांक छ । जिल्लामा ३ हजार २ सयभन्दा बढी उपभोक्ता समिति तथा समूहहरुले समेत आय विवरण बुझाएका छैनन् । अन्तःशुल्कजन्य वस्तुको कारोबार गर्न अनिवार्य अनुमति लिनुपर्ने भए पनि धेरै व्यवसायीले अनुमति नलिएको आन्तरिक राजश्व कार्यालयको दावी छ । यस्तै, व्यवसायीसँग सामान खरिद गर्दा अनिवार्य बिल लिनुपर्ने भए पनि उपभोक्ता सचेत नभएका कारण बिल लिने परिपाटी न्यून रहेको छ ।

देशको समग्र विकासका लागि कानुनबमोजिम राज्यलाई कर तिर्नु हरेक व्यक्तिको दायित्व हो । राज्यले आम्दानी, कारोबार वा सम्पत्तिमाथि कर लगाउने गर्दछ । राज्यको उत्पत्ति भएदेखि हालसम्म राज्य सञ्चालनको अनिवार्य शर्तको रुपमा कर संकलन गरिँदै आएको छ । विकसित देशमा राज्यलाई कर तिर्न पाउँदा त्यहाँका नागरिकले सम्मान तथा गौरब महसुस गर्ने गरेको भए पनि नेपालजस्तो विकासशील देशमा भने कर छल्नुलाई बहादुरी मान्ने गरिएको पाइन्छ । राज्यले सबै करयोग्य व्यक्ति वा फर्मलाई करको दायरामा ल्याउन नसक्नु र करदातालाई विभिन्न प्रोत्साहन गर्न नसक्दासम्म प्रभावकारी कर संकलन सहज हुँदैन । करदाताको रुपमा सूचीकृत गर्ने, करसम्बन्धी पर्याप्त सचेतना प्रदान गर्ने, कर तिर्न सहज प्रक्रिया लागू गर्ने र कर तिर्नेलाई उचित सम्मान गर्न सकेमा कर छल्ने परिपाटी कम गर्न सकिन्छ । साथै, जानाजान कर छली गर्नेलाई उचित कानुनी कारबाहीको दायरामा ल्याउनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : सटटापटटाका कामबाट फाइदा उठाउन सकिने छ । |
| वृष | : भविष्यप्रतिको सोच र चिन्तन हाबी हुने समय छ । |
| मिथुन | : सहयोगीको मद्धतले काम बन्ने समय छ । |
| कर्कट | : ऋणभार र खर्चवृद्धि हुने समय योग छ , । |
| सिंह | : मन हलुका र चङ्गा हुने समय योग छ । |
| कन्या | : हिम्मतका साथ चुनौती र तगाराहरु पन्छाइएला । |
| तुला | : मानसिक चिन्ता बढ्ने समय योग रहेको छ । |
| वृश्चिक | : पारिवारीक समस्यालाई सन्तुलनमा राख्ने योग छ । |
| धनु | : कार्यक्षेत्रका आधारमा सामान्य समय योग छ । |
| मकर | : मानसिक समस्याले सताउने समस्या योग छ । |
| कुम्भ | : व्यस्तता र दौडधूपमा समय बित्ने योग छ । |
| मीन | : खर्चको मात्रामा अचानक वृद्धि हुने समय छ । |

# डढेलो भयावहं कहिलेसम्म ?



रघुराम पराजुली

तातो हावा तथा धूँवाको कारण जनजीवन प्रताडित बन्दै गएको छ । हिमालमा समेत गर्मी बढेका समाचारहरु आइरहेका छन् । हिमालको हिउँ पग्लिन सक्ने खतरा र हिमनदीहरुको अस्तित्व संकटमा पर्नसक्ने भय बढेर गएको छ हाम्रा वन जंगलबाट फैलिएका आगो तथा डढेलोले ठूलो क्षति निम्तिरहेको छ। लामो खडेरीका बीचमा डढेलोको प्रकोपले जैविक विविधतामा ठूलो आघात परेको छ । पानीका स्रोतहरु सुक्दै गएका छन् । वोटविरुवाहरु पानी नपाएर अत्तालिरहेका छन्। जंगली जनावरहरु डढेलोले बासस्थान नै नास गरेपछि वस्ति पस्दै गरेका छन् भने कतिले ज्यान गुमाएका छन् ।

यसै पनि पृथ्वी तात्दै गएको र जलवायु परिवर्तनका असरहरु विकराल बन्दै गएका आगलागी तथा डढेलोले जलवायु परिवर्तनका प्रभावहरुलाई थप मलजल दिइरहेको छ । डढेलो तथा आगलागी मानिसहरुको हेलचक्राइ तथा असावधानीले निम्तिने प्रकोप हो। मानिस यतिसम्म विवेकहिन बनिरहेको छ कि प्रकृति डढाउँदैछ र डढिरहँदा रमिते बन्दैछ । उसलाई प्रकृति अनि जैविक विविधतामा वेचैनी भइरहँदा पनि जुन हिसाबले संवेदना आउनुर्ने हो सो भइरहेको देखिंदैन । जबसम्म बोट विरुवाहरुको भविष्य सुरक्षित गर्न सक्तैनौं तबसम्म मानव जीवनको कुनै अस्तित्व रहन सक्तैन भन्ने कुरामा किन हेक्का भइरहेको छैन । नेपालमा विद्यमान ७ सय ६१ सरकारहरुमा आगलागी तथा डढेलो नियन्त्रणमा किन सबल समन्वय हुन सकिरहेको छैन । जस लिने काम भयो भने यो सरकारको उ सरकारको भनेर क्षेत्राकार मिच्न पनि पछाडि नपर्ने तर मानविय तथा पर्यावरणीय संवेदनशीलताका क्षेत्रमा भने अपजस लिनुपर्ला भनेर क्षेत्राधिकारका कथा जोड्ने नियतिहरु प्रशस्त देखिन्छन् । यसले हाम्रो जस्तो मुलुकको वातावरणीय न्याय हुन सक्तैन ।

हरियो वन नेपालको धन भन्ने उखान अनि जहाँ जंगल तहाँ मंगल भन्ने भनाइले गिजाइरहेका छन् । पछिल्ला दिनहरुमा महोत्तरी, सप्तरी, ललितपुर, गुल्मी, डोल्पा, म्याग्दी तथा काभ्रेपलाञ्चोक जिल्लामा डढेलो तथा आगलागीबाट ठूलो क्षति भएका समाचारहरु आएका छन् । विभिन्न जिल्लाहरुमा डढेलो नियन्त्रण गर्ने क्रममा केहि मानिसहरुले ज्यान समेत गुमाएका छन् भने धनमाल, जीव जन्तु तथा वनस्पतिहरुको धेरै विनास भएको छ। डढेलो बेलैमा नियन्त्रण गर्न नसक्दा ठूलो जन धनको क्षति हुनसक्ने जोखिम रहन्छ । डढेलो नियन्त्रण गर्न सकिएन भने अकल्पनिय क्षति निम्तिन सक्छ । तसर्थ डढेलोको पूर्व सावधानी लिने र डढेलो लागिहालेमा नियन्त्रणमा लिने संयन्त्र तयारी अवस्थामा राख्ने कार्य साथसाथै हुनु अत्यावश्यक छ । फागुन चैत्रमा रुख विरुवाहरुका पातहरु झरेर सुकेका हुन्छन्। सानो मात्र आगोको झिल्को लाग्न जाँदा पनि आगो सल्किन गइ भयावह स्थिति सिर्जना भैरहेका हुन्छन् ।

प्रदुषणका सूचकांकहरुको आधारमा नेपालका शहरहरु अझ बढी प्रदुषित बन्दै गएका छन्। विश्वका प्रदुषित शहरहरुको अग्रस्थानमा राजधानी शहर काठमाण्डौ इंगित भैरहेको छ । डढेलोको किन र कसरी लाग्छ भन्ने मूल प्रश्न हो। कतिपय स्थानमा मानिसहरुले राम्रो घाँस आओस् भनेर लगाउँछन्, कतिपय अवस्थामा वन क्षेत्र अतिक्रमण गर्न त केहि अवस्थामा काठ तथा दाउरोको लागि रुखहरु सुकाउने नियतले त कहिं वन्यजन्तुहरुको सिकार गर्नको लागि पनि डढेलो लगाउने गरेका घटनाक्रमहरु सुनिन्छन्। डढेलोबाट सयौं पशु चौपायहरु मरेका छन्, केहि मानिसहरु घाइते भएका छन् भने हजारौं जीव तथा वनस्पतिहरुको बासस्थानको क्षति भएको छ । डढेलो नियन्त्रणका लागि थुप्रै अन्तरक्रिया गोष्ठी, छलफल तथा सचेतनामुलक कार्यक्रमहरु हुने गरे तापनि डढेलो नियन्त्रण तथा रोकथाममा उल्लेखनीय प्रगति हुन सकिरहेको देखिंदैन। तीनै तहका सरकारका सम्बन्धित निकायहरु विशेषगरी डिभिजन वन कार्यालयहरु, सुरक्षा निकायहरु, सामुदायीक वन उपभोक्ता समूहहरु, नागरिक समाज तथा सर्वसाधारण र सञ्चार जगत सबैको सामुहिक जिम्मेवारीको रुपमा लिइनुपर्दछ । डढेलो नियन्त्रणका बारेमा प्राप्त ज्ञान नहुँदा वा उपयुक्त सावधानी अपनाउन नसक्दा डढेलो निभाउने क्रममा अनायशै मानिसहरुको ज्यान जाने गरेको छ।

डढेलोका बहुआयामिक असरहरु देखिन्छन् । जनधनको क्षति हुँदा यसकै कारणबाट मानिसहरुको घरबासको क्षति भएका छन् । मानिसहरुको न्यूनतम आश्यकता परिपूर्तिमा नै समस्या थपिएका हुन्छन् । जसको कारण गरिबी बढेर जान्छ। यसै पनि आर्थिक मन्दी छाइरहेको हाम्रो मुलुकमा डढेलो तथा आगलागी पीडित परिवारहरुलाई राहत दिलाउने विषयहरुले थप समस्या थप्ने देखिन्छ । तसर्थ कुनै समस्या आएर समस्या खोज्नु भन्दा अगाडि नै त्यस्ता समस्याहरु आउन नदिनमा बढी ध्यान दिनु आवश्यक छ । वन ऐन २०७६ को दफा ४९ मा राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा रु ६० हजारसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान छ। यस प्रावधानको सबल कार्यान्वयनमा जोड दिइनुपर्दछ ।

डढेलो लाग्नै निदने रणनीति अंगिकार गरिनु आवश्यक छ । निजि सम्पत्तिमा क्षति हुँदा जति संवेदनशील होइन्छ त्यति नै संवेदनशील सरकारी सम्पत्तिप्रति नहुने हो भने सरकारी सम्पदाको दिगो संरक्षण संधै संसयपूर्ण हुन्छ। यसको लागि समाजका सबै पक्षहरुमा वातावरणीय सचेतना जरुरी छ । विद्यालय शिक्षा देखि नै डढेलो सचेतनाका पाठ्यक्रमहरु विकास गरिनु आवश्यक छ । मानविय कारणबाट नै धेरै समस्याहरु निम्तिने भएकाले वातावरण जोगाउनको लागि नागरिक सचेतना र नागरिक निगरानी उत्तिकै महत्वपूर्ण छ। डढेलो लगाउने या लगाउन प्रेरित गर्ने व्यक्तिलाई हदैसम्मको कारबाही गरिनुपर्दछ। वन क्षेत्रमा गरिने भौतिक पूर्वाधारका कार्यहरु गर्दा वन क्षेत्रलाई कम भन्दा कम हानी होस् भन्नाका खातर वातावरणीय परीक्षण प्रतिवेदनहरुको अक्षरस पालना गर्नु पनि उत्तिकै आवश्यक छ। वन डढेलोहरुबाट जोगिनको लागि अग्नि रेखाहरु निर्माण गरिनु आवश्यक छ। डढेलो लागिहालेमा तीनै तहका सरकार संबद्ध निकायहरु, गैरसरकारी संघसंस्था, नागरिक समाज, उपभोक्ता तथा सर्वसाधारणहरु संवेदनशील भएर तदारुकताका साथ लाग्नुको अर्को विकल्प हुँदैन ।

कुनै पनि वनमा त्यहाँ रुखहरु मात्र हुँदैनन्। त्यहाँ त स साना वनस्पतिहरुदेखि झार, बुट्यान तथा रुखहरु, बहुमुल्य वनस्पतिहरु, जडीबुटी तथा सुगन्धित वनस्पतिहरु, बहुमूल्य सुनाखरीहरु, भ्याउहरु, जीवजन्तु, चराचुरुङ्गीहरु हुन्छन्। डढेलोले स-साना र दुर्लभ एवं निर्वल जनावरहरुको अस्तित्व सबैभन्दा बढी जोखिममा पर्न सक्छन् । ठूला ठूला रुखहरु अनि ठूला ठूला अनि भाग्न दौडिन सक्ने जनावरहरु त कुनै न कुनै हिसाबले सुरक्षित रहन सक्छन्। पृथ्वीमा मानिसको अस्तित्व जति महत्वपूर्ण छ । अरु जुनसुकै जीव तथा वनस्पतिहरुको अस्तित्व सो भन्दा कम हुँदैन । वास्तवमा भन्ने हो भने पृथ्वीमा मानिसको भन्दा पनि अरु जीवहरुको अस्तित्व महत्वपूर्ण देखिन्छ किनकि मानिस नभएर पृथ्वीको अस्तित्वमा कुनै असर नपर्न सक्छ तर अरु कुनै पनि प्राणी भएनन् भने पृथ्वी संकटमा पर्न सक्छ । तसर्थ अहिले जुन तवरले वायुमण्डल तातिरहेको छ, प्रदुषण बढिरहेको छ अनि डढेलो फैलिरहेको छ, यसको रोकथामको लागि उचित पहल नचाल्ने हो भने हामीले भोलिका दिनमा ठूलो वहन गर्नुपर्ने हुन सक्छ ।

*(वरिष्ठ वैज्ञानिक अधिकृत, वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर)*

# सत्ताको फोहरि खेलले डुङडुङित गनाउँदा पनि अत्तर लगाएर हिंडनेहरु



बिशभ अधिकारी

उपनिर्वाचनको परिणाम पछि मुलुकको राष्ट्रिय राजनिति फेरि एकपटक सरकार परिवर्तनको हल्लाले तातेको छ। सरकारमा रहेको नेकपा एस बर्तमान गठबन्धन प्रति असन्तुष्ट रहेको यस्का नेताहरुको अभिव्यक्तिबाट प्रष्टिन्छ । गणितिय टेकोमा अडेको सरकार सानो धक्काले पनि भत्किन सक्छ। कांग्रेस मौका पाउनासाथ यो गठबन्धन भत्काउन उद्दत छ । स-साना दल अझ माओवादी, रास्वपा, राप्रपा जस्ता पार्टिलाइ एउटा साईजमा ल्याउन पनि कांग्रेस र एमालेको सरकार बनाउनु पर्छ भन्ने बलियो मत दुबै पार्टीमा देख्न सकिन्छ। दुबै पार्टीका दोश्रो तहका नेताहरुले भित्रि रुपमा यो चलखेललाई बढाएका छन । तसर्थ कतिबेला नयाँ गठबन्धन बन्छ वा बन्दैन लामो समयसम्म जान्छ वा जादैन भन्न सकिदैन, मूलुकको राजनीति झन झन अस्थिर र तरल हुँदै गएको देखिन्छ।

सत्ता र स्वार्थलाई प्रधानता दिदा सिङ्गो राजनीति आदर्श, बिचार र नितीबाट स्खलित हुँदैछ। पदको लागी जोसंग मिल्न सक्ने नेताहरूको प्रवृत्तिले मूल्यको राजनीतिक कमजोर हुदैछ । बर्तमान निर्वाचन प्रणालिले कसैको बहुमत नआउने, संख्या पुर्याउन जोसँगपनि मिल्नुपर्ने सत्ताको खेलले निरन्तर अस्थिरताको भुमरिमा मुलुक फसेको छ। त्रुटीपूर्ण निर्वाचन प्रणालिका बारेमा अब बहस आरम्भ गर्नुपर्ने देखिन्छ। स्थायित्वको अभावमा लामो समयदेखि बिकासले गति प्राप्त गर्न सकेको छैन । एउटा प्रधानमन्त्रीले पुर्णकार्यकाल सरकार चलाउन असमर्थ रहदा हरेक क्षेत्रमा त्यस्को प्रभाव देखिन्छ। हाम्रो जस्तो देश जहा समस्या र चुनौतीको पहाड छ । गरिब झन झन ओरालो लाग्दैछ शिक्षा, स्वास्थ मंहगो छ । देशमा रोजगारिको ठुलो अभाव छ। दक्ष जनशक्ति बाहिरिदै छन उत्पादनसँग, दक्ष जनशक्तिलाई जोडन नसक्दा परनिर्भर अर्थतन्त्रले कतिन्जेल धान्न सकिएला आयातमुखी अर्थ व्यवस्थाले निम्त्याएको सार्वजनिक रिण २४ खर्ब नाघिसक्यो । कुल जिडिपीको ४२% रिण तिर्न खर्च गर्नुपर्ने अर्थतन्त्र बोकेर समृद्धीको सपना कसरि सार्थक होला। सत्ताको लागि गरिने अस्वभाविक क्रियाकलापले मूलुकका प्राथमिकताहरु ओझेल पर्दैछन ।

भर्खर उपनिर्वाचनको परिणाम आयो यसले ठुला दुई राजनितिक शक्ति कांग्रेस र एमालेको पक्षमा जनमत देखीयो । घण्टिको रालो चुडिएको देखियो रविको घुलमिले छबिले बिस्तारै यो पार्टि प्रतिको मोहभंग हुने देखिन्छ । सहकारी ठगिका आरोपित रबिले अविलम्ब आफू माथि लागेको आरोपको पुष्टि गर्न चूनौति दिंदै गृहमन्त्रिबाट राजिनामा दिदा घण्टि आउने दिनमा जनताको मनमा बज्ला अन्यथा घण्टी मन्दिरमा सिमित हुन सक्छ । ७२ घण्टा भित्र ढाका प्रसादलाई एउटा अडियो प्रकासित हुँदा कार्वाही गर्ने पार्टीले रबिको हकमा यो नियम किन लागू गर्न सकेन जनतामा यो प्रश्न उठिरहेको छ । तसर्थ बैकल्पिक भनिने शक्ति पनि उहि ड्याङका मूला हुन भन्ने संकेत गएको छ। अवसर नपाएर ईमान्दार भएको हो, अघाएको रांगो भन्दा भोकाएको रांगो खतरनाक हुन्छ भन्थे रुपचन्द्र बिष्ट (रुदाने) को भनाई रास्वपामा लागू हुने देखिन्छ। गुहमन्त्रीको मोह यतिबिघ्न किन सर्वत्र चासो छ ।

जनताले उपनिर्वाचनमा अघाएकालाई नै रोजे यिनले कम खान्छन भनेर..। नेपालि जनता यतिबेला किंकर्तव्यबिमूढ छन । परिवर्तनको नाम यिन्ले ठुलो मूल्य चुकाए। सामन्तवाद देखि निंरकुशतन्त्रको बिरुद्ध उभिए जेल सहादत त्याग बलिदानको रक्तिम ईतिहास कसैले बिर्सन सक्दैन यसरी ल्याएको व्यवस्थाले फगत अस्थिरता र कुशासन, भ्रष्टता भन्दा अरू केही थोक दिएन। राजाको ठाउँ लिएका नवराजाहरुले सक्कली राजतन्त्रलाई बिर्साइदिए । आज नवपारसहरु हरेक भ्रष्टाचारकाण्डमा मुछिएका छन। सुनकाण्ड, शरणार्थी काण्ड, ओम्नी सबैमा कथित राजकुमारहरुको संलग्नता देखिनु दुर्भाग्यपुर्ण घटना हुन। हिजो मुक्तिको लागि लडेकाहरु आज जसरी नै पैसा कमाउने धन्दामा लागेको देख्दा उदेक लाग्छ ।

राजनिति प्रति चर्को घृणा छ । बिदेशीएका नौजवानहरुको कारुणिक कथा र पिडा भनि साध्य छैन। हाम्रा चेलेबेटी जो रोजगारको लागि बिदेशमा छन तिन्का दारुण अवस्था ति माथि हुने देखिने/ नदेखिने हिंसा अवर्णनीय छ। यहि देशमा निर्मला पन्तका हत्यारा त खोज्न नसक्ने कायरहरूबाट जनताले के आसा गर्ने..? सबै सत्ताको खोजिमा मात्र छन।देशप्रतिको जिम्मेवारि कसैमा देखिएको छैन । नया पुस्ता माथि भरोसा गर्न सकिन्छ भन्ने सन्देश सुहाङको बिजयले दिएको छ। यो एमालेको मात्र जित होईन उस्ले छनौट गरेको पात्र शालिन, भद्र पढेको युवा हो । अलिकति आकर्षण त्यो पनि हो ।

अहिले यूवापुस्ताको चर्चा चलिरहँदा राजनितिमा क्षमता र योग्यता लोकप्रियता र निष्ठा/बिचारले लैस युवापूस्ता भन्न खोजिएको हो । एउटै पुस्ता जस्ले पंचायतलाई ढाल्यो, जेलनेल भोग्यो, बहुदलिय व्यवस्था पछि लामो समय सत्ता चलायो। उमेरले नेटो काटिसक्यो अब उ शाररिक दुर्बलताले ठिङ्ग उभिन सक्दैन

....बाँकी पृष्ठ ३ मा

# प्रदेश प्रमुख शर्माद्वारा अर्गानिक फार्म तथा फार्मस्टे अवलोकन



समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले शनिबार सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-१, भोटेचौरस्थित सिन्धु एकीकृत अर्गानिक फार्म तथा फार्मस्टे अवलोकन गर्नुभएको छ।

२५ जना युवाले सिन्धु मल्टिपर्पोज कम्पनी प्रालिमार्फत पाँच वर्षदेखि सञ्चालन गर्दै आएको अर्गानिक फार्म तथा फार्मस्टे अवलोकन गर्नुहुँदै प्रदेश प्रमुख शर्माले कृषिलाई पर्यटनसँग जोडेर गरिएको कामको प्रशंसा गर्नुभयो। मिहिनेत गर्ने हो भने आफ्नै देशमा पनि प्रसस्त सम्भावना छ भन्ने उदाहरण बनाउन युवाहरुको समूह लागीपरेकोमा प्रमुख शर्माले खुशी व्यक्त गर्नुभयो। देशमै केही गर्छु भन्ने सोच भएकाहरुका लागि यस खालको कार्य प्रेरणादायी हुने प्रमुख शर्माको भनाई छ।

करिब सय रोपनी क्षेत्रफल जग्गामा सञ्चालित एकीकृत अर्गानिक फार्म तथा फार्मस्टेमा फलफूल, मौसमी तथा बेमौसमी तरकारीका साथै गाई, बाख्रा र स्थानीय जातका कुखुरा पालिएको छ। कृषि कर्मबाट जीविकोपार्जन गर्न सकिन्छ लक्ष्य लिएर आफूहरु सहितको समूहले एकीकृत फार्म सञ्चालनमा ल्याएको फार्मका कार्यकारी अध्यक्ष झलकप्रसाद सुवेदी सुवेदीले बताउनुभयो। सुवेदीका अनुसार फार्ममा उत्पादन भएको तरकारी, फलफूल, कुखुरा, अण्डा, बाख्रालगायत कृषि उपज काठमाडौंसम्म लगी बिक्री वितरण गर्ने गरिएको छ।

फार्ममा कृषि उद्यमसँगै पाहुनाका लागि रोजे अनुसारको खाने बस्ने सुविधाको फार्मस्टे पनि सञ्चालनमा रहेको उहाँले बताउनुभयो। 'एकीकृत फार्म अवलोकन गर्ने, खाने, बस्ने र रमाउने सुविधासहित अर्गानिक फार्म तथा फार्मस्टे चलाइरहेका छौं', कार्यकारी अध्यक्ष सुवेदीले भन्नुभयो, 'हाम्रो यो कर्मबाट अरु युवा वर्गलाई पनि कृषिमा केही गर्न सकिने उदाहरण हुन्छ भन्ने लागेको छ।'

व्यावसायिक कृषि विकासमा उत्कृष्ट एवम् प्रशंसनीय कार्य गरेको भन्दै अध्यक्ष सुवेदीलाई बागमती प्रदेश सरकारको कृषि विकास निर्देशनालयले शुक्रबार मात्रै पुरस्कृत गरेको छ। निर्देशनालयले नगद ५० हजार राशीसहित आ.व. २०८०/०८१ का लागि राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार (प्रदेशस्तर) प्रदान गरेको हो।

# लोडरमा च्यापिएर हेल्परको मृत्यु

समाज संवाददाता

हेटौंडा: मकवानपुरको थाहा नगरपालिका-९, ठूलोचौरमा लोडरले च्यापिएर हेल्परको मृत्यु भएको छ। शनिबार दिउँसो ३ बजेर १५ मिनेटको समयमा चित्लाङ-थानकोट सडकखण्डमा सडक मर्मतको काम गर्दै गरेको काठमाडौं सडक डिभिजनको आर. डी. १०१-०३८ नम्बरको लोडरले ग्राबेल सम्याउने क्रममा आफै अनियन्त्रित भई पल्टिँदा लोडरको हेल्परको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ।

नुवाकोट जिल्लाको लिखु गाउँपालिका-६ का २८ सागर भण्डारीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। भण्डारीको शव पोष्टमार्टमका लागि काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा पठाइएको छ। प्रहरीले लोडर चालक ललितपुर जिल्लाको गोदावरी नगरपालिका-१२ का ५६ वर्षीय धर्मभक्त महर्जनलाई नियन्त्रणमा लिएको छ।

# नमुना प्रगति साकोसद्वारा सहकारी शिक्षा शिविर

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका-२, देवीपथस्थित नमुना प्रगति बचत तथा ऋण सहकारी संस्थाले एक दिने सहकारी शिक्षा शिविर सञ्चालन गरेको छ। शुक्रबार संस्थाको आफ्नै भवनमा शेयर सदस्यलाई सहकारी शिक्षा प्रदान गरिएको हो।

संस्थाका सञ्चालक सदस्य एवम् शिक्षा उपसमितिका संयोजक शिवराम पराजुलीको अध्यक्षता तथा संस्थाका अध्यक्ष मीठाराम दाहालको प्रमुख आतिथ्यमा शिविर सञ्चालन गरिएको थियो। सहकारीको वार्षिक कार्यक्रमअन्तर्गत सदस्यहरुलाई बचत तथा ऋणका नीति, समग्र सहकारीको नीति नियम र सहकारीको महत्व एवम् यसको प्रभावबारे जानकारी दिइएको थियो।

शिविरलाई शिक्षा समितिका संयोजक पराजुलीले सहजीकरण गर्नुभएको थियो। संस्थाका व्यवस्थापक बद्रीप्रसाद भण्डारीले संस्थाको संस्थागत विवरणबारे जानकारी गराउनुभएको थियो। सञ्चालक समिति, लेखा समिति, शिक्षा उपसमितिका सदस्यसहित शिविरमा ४१ जनाको सहभागिता रहेको व्यवस्थापक भण्डारीले जानकारी दिनुभयो।

# रात्रिकालीन मेला तथा जात्रा बन्द गर्ने

समाज संवाददाता

हेटौंडा: पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले रात्रिकालीन मेला महोत्सव तथा जात्राहरु बन्द गर्ने भएको छ। बुधबार बसेको कार्यपालिका बैठकले यस्तो निर्णय गरेको पालिकाका प्रवक्ता एवम् बागमती-३ का वडाध्यक्ष कमानसिंह पाखिनले जानकारी दिनुभयो।

पालिकाभित्र लाग्ने रात्रिकालीन मेला महोत्वसमा झैंझगडा हुने, मादकपदार्थ र लागुपदार्थ सेवन गरी सवारी चलाउँदा दुर्घटना हुनेजस्ता घटनाहरु बढ्न थालेपछि यस्तो निर्णय गरेको प्रवक्ता पाखिनले बताउनुभयो। धार्मिक आस्थाका जात्राहरु भने चल्ने तर राति कुनै किसिमका कार्यक्रमहरु गर्न नपाउने उहाँले बताउनुभयो।

यस्तै, विपद व्यवस्थापनका लागि तत्काल सामग्री वितरण गर्ने निर्णय गरेको छ। आगलागी र अन्य विपद व्यवस्थापनको पूर्वतयारीका लागि उक्त सामग्रीहरु वितरण गर्न लागेको हो। बैठकले केही दिनअगाडि खरिद गरेको मापसे चेकजाँच गर्ने ब्रेथलाइजर मेसिनको भुक्तानी दिने, खोला र नदीमा बम, करेन्ट र विष हाल्न बन्देज गर्ने र यस्तो गरेको पाइएमा कारबाही गर्ने भएको छ। पालिकाभित्र वस्तुभाउ चरिचरण बन्द अभियान चलाउने भएको छ। नगर प्रहरी र अन्य टोलीले यी सबैको अनुगमन गर्ने उहाँले बताउनुभयो।

# खुकुरी प्रहारबाट कुँवर गम्भीर घाइते

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१०, बसपार्कमा खुकुरी प्रहारबाट एकजना किशोर गम्भीर घाइते भएका छन्। घाइते हुनेमा जितपुर सिमरा उपमहानगरपालिका-१६, महेन्द्रनगरका १९ वर्षीय आयुष कुँवर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

शनिबार बिहान २ बजेर ३० मिनेटको समयमा हेटौंडा-३, बसामाडी घर भई हाल हेटौंडा-११, थानाभन्याङमा डेरा गरी बस्ने २० वर्षीय समीर थिङ र १८ वर्षीय पञ्चबहादुर तामाङले कुँवरलाई खुकुरी प्रहार गरेको प्रहरीले जनाएको छ। खुकुरी प्रहारबाट कुँवरको टाउको, गर्दन र दाहिने हातको कान्छी औंलामा चोट लागेको छ। घाइते कुँवरलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा अवस्था गम्भीर भएपछि थप उपचारका लागि बिहान ३ बजेर ४० मिनेटको समयमा सीएमसी चुरेहिल अस्पताल रिफर गरिएको प्रहरीले जानकारी दिएको छ। खुकुरी प्रहार गर्ने दुवै जनालाई प्रहरीले नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको छ।

# महेशपुर भन्सारको गोदाममै सड्यो १८०० बोरा चिनी




२२ वैशाख, पाल्हीनन्दन (नवलपरासी)। पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-१ मा रहेको महेशपुर भन्सार कार्यालयको गोदाममा एक हजार आठ सय बोरा चिनी सडेको छ।

भारतबाट अवैधरुपमा भित्र्याएको चिनी गुण नियन्त्रण कार्यालय भैरहवाले खान अयोग्य रहेको भनेपछि लिलाम गर्न नमिल्दा एक करोड बराबरको चिनी भन्सारको गोदाममै सडेको हो।

भन्सार कार्यालयका सूचना अधिकारी मोहराज जैसीका अनुसार प्रहरीले अवैध रुपमा भित्र्याइएको कपडा, मोवाइलका पार्टस, हार्डवेयर, विभिन्न प्रकारका मोबाइल कभरसमेत भन्सार कार्यालयमा बुझाएको छ। उक्त सामान लिलाम गर्ने प्रक्रिय लामो हुँदा लिलाम गर्न ढिला भएको छ।

'समान लिलामका लागि सूचना सार्वजनिक गर्दा व्यापारीहरुले सामानको मूल्य बढी भयो भन्दै लिलाम सकार गर्न नमानेपछि एक करोड मूल्य बराबरको समान गोदामभित्र सडिरहेको छ', सूचना अधिकारी जैसीले भने।

उद्योग वाणिज्य सङ्घ र भन्सार कार्यालयले समानको बजार मूल्य तोकेका आधारमा बरामद गरिएका सामानहरुको मूल्य तोकेर सामानसहित कारबाहीका लागि प्रहरीले भन्सार कार्यालयमा बुझाउने गरेको जिल्ला प्रहरीका सूचना अधिकारी रेशम बोहराले जानकारी दिए।

सुरक्षाकर्मीहरुले रातदिन सीमाक्षेत्रमा खटेर पक्राउ गरेका अवैध मालसामान भन्सार कार्यालयले समयमै लिलाम नगर्दा दुई करोड मूल्य बराबरको विभिन्न समान गोदाममै सडेको हो।

# भिरबाट लडेर अधिकारीको मृत्यु

समाज संवाददाता

हेटौंडा: धादिङ जिल्लाको नेत्रावती डबजोङ गाउँपालिका-१, पहरेकुनामा भिरबाट लडेर एक जना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा त्रिपुरासुन्दरी गाउँपालिका-५ बस्ने ६१ वर्षीया सावित्री अधिकारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शुक्रबार अधिकारी अचानेटारबाट रातोमाटेतर्फ जाने क्रममा पहरे भिरबाट लडी घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# पत्रकार कार्कीलाई पितृशोक

समाज संवाददाता

हेटौंडा: पत्रकार होम कार्कीलाई पितृशोक परेको छ। निमोनिया र मुटुसम्बन्धी स्वास्थ्य समस्याका कारण हेटौंडा अस्पतालमा उपचाररत ८१ वर्षीय मीन बहादुर कार्कीको शनिबार बिहान १२ बजेर ३० मिनेटको समयमा मृत्यु भएको हो।

पत्रकार होम कार्की कान्तिपुर दैनिकमा कार्यरत हुनुहुन्छ। हेटौंडा-८, मैदाटोल निवासी कार्कीका होमसहित ४ छोरा र ३ छोरी छन्। माइला छोरा बोल बहादुर कार्की नेकपा एमाले हेटौंडा उपमहानगर कमिटीको सचिव हुनुहुन्छ। साइँलो छोरा योगेन्द्र कार्की रोजगारीको सिलसिलामा कतारमा हुनुहुन्छ भने कान्छो छोरा नेपाल प्रहरीको असई पदमा कार्यरत हुनुहुन्छ। शनिवार बिहान हेटौंडास्थित राप्ती तटमा अन्तिम संस्कार गरिएको छ। कार्की सेवानिवृत्त प्रहरी भएका कारण जिल्ला प्रहरी कार्यालयबाट खटिएको एक प्रहरी टुकुडीले सलामी अर्पण गरेको छ। अन्तिम संस्कारको क्रममा राप्ती तटमै पुगेर स्वर्गीय कार्कीप्रति सलामी अर्पण गरिएको हो।

# सत्ताको फोहोरि...

यॉल काढछ, जिवनमा पाउने जति सम्मान पाइसक्यो तिन्ले त्याग किन नगरेको होला अचम्म लाग्छ। ३५/४० बर्षसम्म एउटै पार्टीको अध्यक्ष हुदा पनि नेतृत्व गर्ने धित नमरेको देख्दा आश्चर्यचकित लाग्छ। नेतृत्वमा रहनेले आर्यघाटसम्म नपुग्उन्जेल नेतृत्व छाड्दैनन्। आफ्नो कुर्सिमा कोहि बस्न आए कुर्सि भाचिदिन्छु भन्दै दुईपटक शरिरको पाटपुर्जा फेरेर पनि अझ २० बर्ष नेतृत्वमा रहन्छु भन्ने नेता, हाम्रो देशमा मात्र छन्। संसारको कुनै देशमा पाईदैन।गज्जब त यिनलाई पटकपटक जिताउने जनताको सचेतता एक छाक मासुभात र केहि पैसामा बिटुलिदिदा सिङ्गो देशको भविष्य धमिराले खाएको काठ जस्तो हुदै गएको तर्फ किन हेक्का नराखेको अनुत्तरित प्रश्न घाम जतिकै सबको साम्नु छ।

वर्तमान परिवर्तनले पनि जनताको मुहारमा हासो ल्याउन सकेन तथापि सत्तामा बस्नेहरुको जिवनशैलि बदलियो यि रातारात महलमा पुगे यिनका अट्टहास र लोभलाग्दो जिवनशैलि सयौ शहिदहरुको बलिदानीपूर्ण उत्सर्गको उपज हो। सत्ताको फोहरि खेलले डुङडुङित गनाउदा पनि अत्तर लगाएर हिडनेहरुले कुनै दिन ईतिहासको कठघरामा उभिएर जवाफ दिनुपर्छ।आफूले पद नपाए भत्काउने, पाए जोसंग पनि मिल्न जाने असैदान्तिक गठजोड गर्ने प्रवृत्ति नितिहिनताको चरम उत्कर्ष हो- पदलोलुपता। बहुदलिय प्रजातन्त्र आगमनको ३५ बर्ष र गणतन्त्रको १८ बर्ष नढाटी भन्दा कुनै उत्साहजनक रहेनाधुमिफिरी रुम्जाटार भनेझै जतिसुकै प्रजातन्त्र र उत्कृष्ठ संविधान भनेपनि जिवन शैलि नेपालिजनको अवस्था जस्ताको तेस्तै छाकांग्रैस-माओवादी मिले पनि एमाले-माओवादी मिले पनि कांग्रेस-एमाले मिले पनि जनतालाई अब कुनै चासो रहेन। फर्सि चुलेसिमा ठोक्किए पनि चुलेसि फर्सि माथि बाजारिए पनि काटिने फर्सि नै हो। जसको सरकार बने पनि डेलिभरि बिनाको सरकारको कुनै अर्थ देखिदैन।बेलैमा नेताहरुले सोच्नु सधैभरि जनतालाई झुक्याउन नसकिएला बिस्तारै जब जनता जागरुक हुन्छन, जब हिसाब खोज्न थाल्छन त्यतिवेला तपाईले गोताबाया राजापाक्षेको नियति भोग्न नपर्ला भन्न सकिन्न। अस्तु॥




## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/०१/२३

यस युसेस बचत तथा ऋण सहकारी संस्था लि.का लागि करार सेवामा रहने गरी निम्न अनुसार काम गर्न कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक योग्य नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक निवेदन आव्हान गरिएको छ ।

**विज्ञापन ०१/२०८०/२०८१**

१. पद : ऋण सहायक/कम्प्युटर
२. संख्या : १ (एक)
३. परीक्षाको किसिम : लिखित र मौखिक दुवै
४. न्यूनतम शैक्षिक योग्यता : १०+२ उतीर्ण
५. लिङ्ग : पुरुष
६. उमेर : १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको
७. वान्छनीय योग्यता : कम्प्युटरमा दक्ष तथा सवारी साधन चलाउने अनुमति प्राप्त भएको।
८. पारिश्रमिक सुविधा : संस्थाको नियमअनुसार हुनेछ।
९. कामको प्रकृति : कार्यालय/ऋण अनुगमन तथा असुली।
१०. सम्पर्क : दर्खास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको १ बजे।
११. परीक्षा समय र मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ।
१२. परीक्षा दस्तुर : रु. ५००/-

**१३ आवश्यक कागजातहरू :**
क) नागरिकताको फोटोकपी
ख) वायोडाटा
ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
घ) कम्प्यूटर तथा अन्य अनुभव सम्बन्धी योग्यताको र चालक अनुमति प्रमाणपत्रको प्रतिलिपी, लाइसेन्सको प्रमाणपत्रको प्रतिलिपी
ङ) पासपोर्ट साइजको फोटो २ थान
च) दरखास्त दिने स्थान : युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

कार्यालय
हेटौंडा-४ पारिजातपथ

थप जानकारीका लागि
**युसेस बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-४, पारिजातपथ (०५७-५२४४४७)

